बेलकोटगढी नगरपालिका
BELKOTGADHI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
बाघखोर, नुवाकोट
BAGHKHOR, NUWAKOT
बागमतीप्रदेश, नेपाल
BAGAMATI PROVINCE, NEPAL

प.सं. (Ref.No.) :२०८३/८४(2083/84)
च.नं. (Dispatch No.):

मिति: २०८३/०४/०४

**सामाजिक सुरक्षा भत्ता लाभग्राही सूचीकरण तथा नविकरण सम्बन्धी सूचना |**

सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली,२०८२ वको नियम (९) बमोजिन नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहनु भएका लाभग्राहीहरुको <u>२०८३ साल श्रावण १ गते देखि असोज मसान्तसम्म</u> सम्बन्धित वडा कार्यलयमा स्वंय उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ साल असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता सुनिश्चित गर्नुहुन सम्पूर्ण लाभग्राहीहरुलाई सूचित गरिन्छ |

नोट:

१. सोह (१६) वर्ष उमेर पूरा नभएको बालबालिका,आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे (९0) वर्ष माथिका जेष्ठ नागरिकहरुलाई बाहेक अन्य नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन वा नविकरण गर्न राष्ट्रिय परिचयपत्र नं. अनिवार्य छ |

२. तोकिएको समयभित्र नविकरण नगराएमा VERSP-MIS प्रणालीबाट स्वत: लगतकट्टा भई सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने |

३. अघिल्लो आर्थिक वर्षमा Biometric रुजु गरिसकेको अवस्थामा मात्र अस्थायी बसोबास रहेको वडा कार्यालयमा स्वयं उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गर्न सकिने |

..................
सत्येन्द्र शाह
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प.सं.:- /सं.सं.स /०८२/८३

च.नं.:- ३

मिति २०८३/०४/०१

नेपाल सम्वत्:११४६

श्री स्थानीय तह सवै।

विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नविकरण सम्वन्धमा ।

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै लाभग्राहीहरुको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली,२०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु गराउनुहुन ।

२. सवै लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोवास रहेको वडा कार्यालयमा समेत- Biometric गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (Biometric Device-Finger Print/Iris Device) मार्फत गर्नु गराउनुहुन ।

४. सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने समय असोज मसान्त सम्म रहेको हुँदा वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालय मार्फत आवश्यक सहजीकरण गर्नुहुन ।

(नोटः १. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

२. यस उप्रान्त सामाजिक सुरक्षा सम्वन्धमा पत्राचार, सम्पर्क गर्दा यस मन्त्रालयको इमेल socialsecurity@mowcsc.gov.np, टोल फ्री फोन नम्बर १६६००१-९६६६६ को Ext2/ ९८५१०९८२३२/ ९८४३०९५७२७/ ९८४६१३७२४३ मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ।)

(सुशिला पौडेल)

शाखा अधिकृत



CamScanner

मितिः.............................

<u>बिषयः परिचयपत्र नविकरण सम्बन्धमा ।</u>

श्री वडा अध्यक्षज्यू,
बेलकोटगढी नगरपालिका
वडा नं. ..................
नुवाकोट जिल्ला, बागमती प्रदेश

प्रस्तुत विषयमा चालु आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि परिचयपत्र नविकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु ।

म सरकारी वा सार्वजिनिक पदमा नियुक्ती, निर्वाचित, मनोनित भएको व्यक्ति होईन र मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पुर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। मेरो उल्लेखित व्यवहोरा ठीक साँचो हो/फरक ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

(साठी बर्ष भन्दा मुनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यवहोरा प्रमाणित भएको हुनुपर्नेछ।)

<u>लाभग्राहीको विवरण</u>

नाम थरः

लिङ्गः

लक्षित समूहः

सामाजिक सुरक्षा परिचयपत्र नं.

राष्ट्रिय परिचयपत्र नं.

सम्पर्क मोबाईल नं.

दस्तखतः

मितिः

यस बेलकोटगढीनगरपालिका वडा नं ........... स्थायी बसोबास गर्ने लाभग्राही परिचयपत्र नं. ....................... ............................................................ किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने श्री .............................................. नब्बे बर्ष उमेर माथिको/अशक्त/बालबालिका वर्गको लाभग्राही भएको हुनाले निजलाई निम्न व्यवहोराको संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्ति अवश्यक पर्ने हुनाले सोही व्यहोरा सिफारिस साथ अनुरोध छ ।

तलसिल:

| | |
|---|---|
| नाम थरः- ...................................................... | वडाध्यक्षको नाम थरः-................................... |
| ठेगानाः-......................................................... | हस्ताक्षरः-................................................... |
| लाभग्राहीसँगको नाताः-....................................... | मितीः-........................................................ |
| सम्पर्क मोबाईल नं.-.......................................... | वडा कार्यलयको छापः-.................................... |
| राष्ट्रिय परिचयपत्र नं.-......................................... | |
| नागरिकता प्रमाणपत्र नं.-..................................... | |
| नागरिकता जारी जिल्लाः-..................................... | |
| हस्ताक्षरः-........................................................ | |